# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

(सूचना, सञ्चार प्रविधि तथा प्रकाशन शाखा)

## प्रदेश निजामती सेवा तर्फ विभिन्न सेवा समूहका प्राविधिक तथा अप्राविधिक तर्फका अधिकृतस्तर नवौं तहका पदहरुको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ३१/२०८१-०८२, मिति २०८१/५/३१ गते सोमबार**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने प्रदेश निजामती सेवाका अधिकृतस्तर नवौं तहका देहायका प्राविधिक तथा अप्राविधिक पदहरुका लागि प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३१ तथा देहाय बमोजिम शर्तहरू पूरा गरेका बढुवाका सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८१/७/४ गतेसम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ।

१. प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम ५४ को उपनियम (१) बमोजिम सम्बन्धित सेवाको एक तह मुनिको पदको कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन।
२. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम योग्य भएको हुनु पर्नेछ।
३. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३१ र दफा ४१ तथा निजामती सेवा नियमावली, २०८१ को अनुसूची-४ बमोजिम बढुवा हुने पदको तह भन्दा एक तह मुनिको पदको लागि तोकिए बमोजिमको योग्यता र न्यूनतम सेवा अवधि, भौगोलिक क्षेत्रमा कार्य गरेको अनुभव तथा सेवाकालीन तालिम प्राप्त गरेको हुनु पर्नेछ।
४. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश कितावखानाबाट आफूले पाएको संकेत नम्बर (सिट रोल नं.) अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।
५. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
६. दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो तीन वर्षको का.स.मू. पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन विदा र तालिम लिएको भए सो को अवधि तथा गयल गट्टी भएको भए सो को विवरण खुलाई पेश गर्नुपर्नेछ ।
७. दरखास्त साथ बढुवा हुने पदभन्दा एक तह मुनिको पदमा सम्बन्धित सेवासँग सम्बन्धित विषयको तीस कार्य दिन वा सो भन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
८. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।
९. दरखास्त दस्तुर रु. २०००।— (रु दुई हजार मात्र) बुझाउनु पर्नेछ।

दरखास्त दस्तुर बुझाउने स्थानः-

राष्ट्रिय वाणिज्य बैंक, खाता नं. १०००१००२०१०१०००१ वा

नेपाल बैंक लिमिटेड, खाता नं. २७००२००००१००१००००००१ वा

कृषि विकास बैंक, खाता नं. ०६०१६०१६१३०३६०१७

कार्यालय कोडः २१०००१३०११ (प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर)

राजश्व शीर्षक नं. १४२२४ (परीक्षा शुल्क) मा दरखास्त दस्तुर बुझाएको सक्कल राजश्वको बैंक भौचर प्रति संलग्न गर्नु पर्नेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट psc.koshi.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरमा दरखास्त बुझाई सक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

<u>जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरु</u>

**क) प्राविधिक तर्फः**

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १. | ३९/२०८१-०८२ | सिनियर डिभिजनल इन्जिनियर | ९ | प्रदेश इन्जिनियरिङ/सिभिल/इरिगेसन | १ |
| २. | ४०/२०८१-०८२ | बरिष्ठ वागवानी विकास अधिकृत | ९ | प्रदेश कृषि/वागवानी | १ |
| ३. | ४१/२०८१-०८२ | कन्सल्टेण्ट जनरल फिजिसियन | ९ | प्रदेश स्वास्थ्य/मेडिसिन/जनरल मेडिसिन | १ |
| ४. | ४२/२०८१-०८२ | कन्सल्टेण्ट सर्जन | ९ | प्रदेश स्वास्थ्य/सर्जरी/जनरल सर्जरी | १ |
| ५. | ४३/२०८१-०८२ | कन्सल्टेण्ट अर्थोपेडिक सर्जन | ९ | प्रदेश स्वास्थ्य/सर्जरी/अर्थोपेडिक सर्जरी | १ |
| ६. | ४४/२०८१-०८२ | कन्सल्टेण्ट साइक्याट्री | ९ | प्रदेश स्वास्थ्य/साइक्याट्री | १ |
| ७. | ४५/२०८१-०८२ | कन्सल्टेण्ट पेडियाट्रिसियन | ९ | प्रदेश स्वास्थ्य, पेडियाट्रिक्स/पेडियाट्रिक्स मेडिसिन | १ |
| ८. | ४६/२०८१-०८२ | कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट | ९ | प्रदेश स्वास्थ्य/एनेस्थेसियोलोजी | १ |
| ९. | ४७/२०८१-०८२ | कन्सल्टेण्ट प्याथोलोजिष्ट | ९ | प्रदेश स्वास्थ्य/प्याथोलोजी | १ |
| १०. | ४८/२०८१-०८२ | कन्सल्टेण्ट अब्सटेट्रिसियन एण्ड गाइनोकोलोजिष्ट | ९ | प्रदेश स्वास्थ्य/अब्सटेट्रिक्स तथा गाइनोकोलोजी | १ |
| ११. | ४९/२०८१-०८२ | अस्पताल नर्सिङ प्रशासक | ९ | प्रदेश स्वास्थ्य, जनरल नर्सिङ | १ |

ख) अप्राविधिक तर्फः

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | ५०/२०८१-०८२ | उपसचिव वा सो सरह | ९ | प्रदेश प्रशासन | २ |

## प्रदेश निजामती सेवा अन्तर्गत विभिन्न सेवा समूहका प्राविधिक तथा अप्राविधिक तर्फका अधिकृतस्तर नवौं तहका पदहरुको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**<u>सूचना नं. ३२/२०८१-०८२, मिति २०८१/५/३१ गते सोमबार</u>**

कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने प्रदेश निजामती सेवाका अधिकृतस्तर नवौं तहका देहायका प्राविधिक पदहरुका लागि प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३१ तथा देहाय बमोजिमका शर्तहरू पूरा गरेका बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८१/७/४ गतेसम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ।

१. प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम ५४ को उपनियम (१) बमोजिम सम्बन्धित सेवाको एक तह मुनिको पदको कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन।
२. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ।
३. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३६, ३७, ३८ र ३९ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, जेष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन प्रदेश निजामती सेवा ऐन २०७९ को दफा ३५ बमोजिम हुनेछ।
४. प्रदेश निजामती सेवा नियमावली, २०८१ को अनुसूची-४ बमोजिम बढुवा हुने पदको तह भन्दा एक तह मुनिको पदको लागि तोकिए बमोजिमको योग्यता हासिल गरेको हुनुपर्नेछ ।
५. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश किताबखानाबाट आफूले पाएको संकेत नम्बर (सिटरोल नं.) अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।
६. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
७. दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो तीन वर्षको का.स.मू. पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन विदा र तालिम लिएको भए सो को अवधि तथा गयल गट्टी भएको भए सो को विवरण खुलाई पेश गर्नुपर्नेछ ।

८. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।
९. दरखास्त दस्तुर रु. २,५००।— (रु दुई हजार पाँच सय मात्र) बुझाउनु पर्नेछ।
दरखास्त दस्तुर बुझाउने स्थानः-
राष्ट्रिय वाणिज्य बैंक, खाता नं. १०००१००२०१०१०००१ वा
नेपाल बैंक लिमिटेड, खाता नं. २७००२००००१००१००००००१ वा
कृषि विकास बैंक, खाता नं. ०६०१६०१६१३०३६०१७
कार्यालय कोडः २१०००१३०११ (प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर)
राजश्व शीर्षक नं. १४२२४ (परीक्षा शुल्क) मा दरखास्त दस्तुर बुझाएको सक्कल राजश्वको बैंक भौचर प्रति संलग्न गर्नु पर्नेछ।
दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट psc.koshi.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरमा दरखास्त बुझाई सक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

## कार्यक्षमताको मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरु

**क) प्राविधिक तर्फः**

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | ५१/२०८१-०८२ | सिनियर डिभिजनल इन्जिनियर | ९ | प्रदेश इन्जिनियरिङ/सिभिल/स्यानिटरी | १ |
| २ | ५२/२०८१-०८२ | सिनियर डिभिजनल इन्जिनियर | ९ | प्रदेश इन्जिनियरिङ/सिभिल/इरिगेसन | १ |
| ३ | ५३/२०८१-०८२ | सिनियर डिभिजनल इन्जिनियर | ९ | प्रदेश इन्जिनियरिङ/एगृ इरिगेसन इन्जिनियरिङ | १ |
| ४ | ५४/२०८१-०८२ | बरिष्ठ बाली संरक्षण अधिकृत | ९ | प्रदेश कृषि/बाली संरक्षण | १ |
| ५ | ५५/२०८१-०८२ | कन्सल्टेन्ट जनरल फिजिसियन | ९ | प्रदेश स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन | १ |
| ६ | ५६/२०८१-०८२ | कन्सल्टेण्ट सर्जन | ९ | प्रदेश स्वास्थ्य, सर्जरी/जनरल सर्जरी | १ |
| ७ | ५७/२०८१-०८२ | कन्सल्टेण्ट अर्थोपेडिक सर्जन | ९ | प्रदेश स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरी | १ |
| ८ | ५८/२०८१-०८२ | कन्सल्टेण्ट रेडियोलोजिष्ट | ९ | प्रदेश स्वास्थ्य, रेडियोलोजिष्ट | १ |
| ९ | ५९/२०८१-०८२ | कन्सल्टेण्ट साइक्याट्री | ९ | प्रदेश स्वास्थ्य, साइक्याट्री | १ |
| १० | ६०/२०८१-०८२ | कन्सल्टेण्ट पेडियाट्रिसियन | ९ | प्रदेश स्वास्थ्य, पेडियाट्रिक्स/पेडियाट्रिक्स मेडिसिन | १ |
| ११ | ६१/२०८१-०८२ | कन्सल्टेण्ट इ.एन.टी. सर्जन | ९ | प्रदेश स्वास्थ्य, अटोरिनोल्यारिङ्गोलोजी | १ |
| १२ | ६२/२०८१-०८२ | कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट | ९ | प्रदेश स्वास्थ्य, एनेस्थेसियोलोजी | १ |
| १३ | ६३/२०८१-०८२ | कन्सल्टेण्ट मेडिकल जनरालिष्ट | ९ | प्रदेश स्वास्थ्य, मेडिकल जनरलिष्ट | १ |
| १४ | ६४/२०८१-०८२ | कन्सल्टेण्ट अब्सटेट्रिसियन एण्ड गाइनोकोलोजिष्ट | ९ | प्रदेश स्वास्थ्य/अब्सटेट्रिक्स तथा गाइनोकोलोजी | १ |
| १५ | ६५/२०८१-०८२ | कन्सल्टेण्ट डेन्टल सर्जन | ९ | प्रदेश स्वास्थ्य, डेन्टिष्ट्री | १ |

**ख) अप्राविधिक तर्फः**

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | ६६/२०८१-०८२ | उपसचिव वा सो सरह | ९ | प्रदेश प्रशासन | ३ |